सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स: २०८०/०८१

च.नं: २१५६

मिति: २०८१।०३।०६

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु सबै ।

सरुमारानी गाउँपालिका, प्यूठन ।

विषय: निर्णय प्रतिलिपि पठाईएको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।०३।०५ गतेको बैठकको निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

१ २०८१।३।५

..............................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगाना: सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान, लुम्बिनी प्रदेश नेपाल

कार्यालयको फोन नं ९८५७८३६०२२ .Website www.sarumaranimun.gov.np

Email sarumarani2073@gmail.com

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

# सरुमारानी गाउँपालिका, कार्यपालिकाको एकचालिसौं बैठकका प्रस्तावहरु

## मिति २०८१।०३।०५ गते

१. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।

२. GESI Audit Report स्वीकृत सम्बन्धमा ।

३. नेपाल रेडक्रस सोसाईटीको सदस्यता सम्बन्धमा ।

४. झो.पु. सामाग्री खरिद सम्बन्धमा ।

५. विपन्न परिवार पहिचानका आधारहरु सम्बन्धमा ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना छनौट सम्बन्धमा ।

७. बार्षिक योजना तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।

८. कक्षा स्तरउन्नोती अनुमती सम्बन्धमा ।

९. रोजगार रणनीति २०८० स्वीकृत सम्बन्धमा ।

१०. पाठ्यक्रम स्वीकृत सम्बन्धमा ।

११. आर्थिक सहायता सम्बन्धमा ।

१२. विविध सम्बन्धमा ।

- जस्तापाता खरिद गरी उपलब्ध गराउने सम्बन्धमा ।
- विधुतपोल संरक्षण र विधुतपोल सार्ने सम्बन्धमा ।
- योजना संशोधन सम्बन्धमा ।
- विपद प्रभावभित लाभग्राहीको दोश्रो किस्ता रकम सम्बन्धमा ।
- कार्यविधि स्वीकृत सम्बन्धमा ।

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**बैठक संख्या-४१**

**गाउँकार्यपालिकाको ४१ औं बैठकका निर्णयहरु-२०८१।०३।०५ गते**

**निर्णय नं. १. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।२।३१ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन रहेको पाईयो ।

**निर्णय नं. २. GESI Audit Report स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७९।०८० को लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदनलाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो । साथै यस उक्त GESI Audit रिपोट अनुसार गाउँपालिकाले प्राप्त गरेको अंक ६४.० भएको जानकारी भयो ।

**निर्णय नं. ३. नेपाल रेडक्रस सोसाईटीको सदस्यता सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा प्यूठानको मिति २०८१।२।३० गतेको पत्र अनुसार यस गाउँपालिकाले चालू आ.व. २०८०।०८१ देखि नै नेपाल रेडक्रस सोसाईटीको संस्थागत सदस्यता लिने निर्णय गरियो ।

**निर्णय नं. ४. झो.पु. सामाग्री खरिद सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं. ४ मा निर्माणाधिन खत्रेवगर सिरुवारी झोलंगेपुल योजनाको लागि आवश्यक पर्ने सामाग्रीहरु मध्ये नौवटा क्रसविम बाहेक अन्य सामाग्रीहरु झोलंगे पुल कार्यक्रमबाटै निशुल्क प्राप्त भएकोले उक्त नौवटा क्रसविम कार्यालयबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५. अतिविपन्न परिवार पहिचानका आधारहरु सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्को ब्यवस्था नभए सम्मको लागि अतिविपन्न घरपरिवार पहिचानको लागि तपशिलका आधार तथा मापदण्डहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

१) श्रेणी कः मध्यम विपन्न परिवार

क. आफ्नो उत्पादनले ६ महिना सम्म खान पुग्ने ।

ख. मासिक आम्दानी १० देखि १५ हजार सम्म नियमित आम्दानी भएको परिवार ।

ग. आफ्नो परिवारको नाममा दर्ता श्रेष्ता भएको जग्गा पाँच रोपनी भन्दा काम भएको ।

घ. ऐलानीमा जग्गामा घरभई भई सामान्य प्रकारको ईटाको गाहो, टिनको छानो भएको, घरमा शौचालय भएको,

ङ. बालवच्चालाई उच्च शिक्षा दिन नसक्ने परिवार ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

च. ज्ञान सिप भएको तर नियमित रोजगार नभएको ।

छ. दिर्घरोगका कारण खर्चिलो औषधी नियमित उपचार गर्नुपर्ने सदस्य भएको परिवार ।

२) श्रेणी खः विपन्न परिवारः

क. आफ्नो उत्पादनले ३ महिना सम्म मात्र खान पुग्ने ।

ख. मासिक आम्दानी १० हजार भन्दा कम आम्दानी भएको परिवार ।

ग. आफ्नो परिवारको नाममा दर्ता श्रेष्ता नभएको,

घ. ऐलानीमा जग्गामा बसोवास गर्दै आएको र सामान्य प्रकारको खर/झिंगटीको छानो भएको,

ङ. बालबच्चालाई माध्यामिक तहको समर्त शिक्षा दिन नसक्ने परिवार ।

च. ज्ञान, सिप, रोजगार नभएको, एकल घरपरिवार (परिवारका अन्य सदस्य नभएको) ।

छ. घरमा एक जना अपांगता भएको व्यक्ति भई अरुको सहारामा बाच्नु पर्ने अवस्था भएको परिवार।

३) श्रेणी गः अति विपन्न परिवारः

माथि उल्लेखित श्रेणी क र ख भन्दा पनि कमजोर अवस्था भएको घरपरिवार ।

उपरोक्त विपन्नताका आधारमा वडा कार्यालयबाट सिफारिस गरेको घरपरिवारलाई अति विपन्न परिवार मानी कार्यक्रम तथा सहयोग संचालन गर्ने ।

**निर्णय नं. ६. प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आगामी आ.व.२०८१/०८२ को लागि प्रधानमन्त्री रोजगार कार्यकममा विनियोजित कुल रकम रु. ४३,५२,०००/- ( नेपाल सरकार-१६,८०,०००/- वैदेशिक सहयोग रु.-२६,७२,०००/-) बाट तपशिलको वडागत रकम र रोजगार संख्याका आधारमासवै वडाहरुले योजना छनौट गरी पेश गर्ने निर्णय गरियो ।

तपशिल

| वडा नं | दर्ता भएका वेरोजगार संख्या | रोजगार हुने प्रास संख्या | वडा गत बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ४४ | ७ | ४६७६०० | |
| २ | ४२ | ६ | ४००८०० | |
| ३ | १५५ | २५ | १६७०००० | |
| ४ | ४५ | ८ | ५३४४०० | |
| ५ | १७ | १३ | ८३१४८० | |
| ६ | ४३ | ७ | ४४७७२० | |
| | ४२६ | ६६ | ४३५२००० | |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वड्डाँडा प्युठान लुम्बिनी प्रदेश,नेपाल २०७३

देविराम पाठक प्रमुख प्रशासकीय अधिकृत

झगे बहादुर विश्वकर्मा गा.पा. अध्यक्ष

**निर्णय नं. ७. बार्षिक योजना तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सबै शाखा/वडाहरुलाई तोकिएको वजेट शिलिङ्गका आधारमा आगामी आ.ब. २०८१।०८२ को लागि २०८१ असार ७ गते सम्म योजना तथा कार्यक्रम प्रस्ताव गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८. कक्षा स्तरउन्नोती अनुमती सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा श्री जनता मा.वि. वड्डाडाको च.न. १३२ मिति २०८१।२।३१ को पत्र अनुसार माग भए बमोजिम श्री जनता मा.वि. वड्डाडामा गत शैक्षिक शत्र देखि माध्यामिक तह कक्षा ११ संचालन हुदै आएकोमा यस शैक्षिक शत्र २०८० देखि माध्यामिक तह कक्षा १२ संचालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९. रोजगार रणनीति २०८१ स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार तयार गरिएको रोजगार रणनीति, २०८१ लाई स्विकृती प्रदान गरियो ।

**निर्णय नं. १०. पाठ्यक्रम स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा सरुमारानी गाउँपालिका शिक्षा शाखाबाट पेश भएको सामुदायिक सिकाई केन्द्रका सहजकर्ता करारमा नियुक्तिको लागि लिईने परीक्षाको पाठ्यक्रम, वाल विकास सहजकर्ता नियुक्तिको लागि लिईने परीक्षाको पाठ्यक्रम र विधालयहरुका सहायक कर्मचारी ( लेखापाल) नियुक्तिको लागि लिईने परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११. आर्थिक सहायता सम्बन्धमा ।**

- मिति २०८१/२/१९ गतेको हावाहुरीको कारण सरुमारानी गाउँपालिका वडा नं. १ खुन्जुनेटोल वस्ने सकुर मिँयाको जग्गामा वस्ने लुरे मिँयाकोको छोरा जब्वरदिन मियाँको विहानी कुखुरा फर्मको स्टोर पूर्ण रुपमा क्षति भएकोले राहात स्वरुप रु.१०,०००/- र मिति २०८१/२/१९ गतेको हावाहुरीको कारण सरुमारानी गाउँपालिका वडा नं. १ मियाँटोल वस्ने वहादुरे मिँयाको छोरा नजिर मियाँको भान्साघर पूर्णरुपले रुपमा क्षति भएकोले राहात स्वरुप रु.५,०००/- आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२. विविध सम्बन्धमा ।**

- **जस्तापाता खरिद गरी उपलव्ध गराउने सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा न. ६ वस्ने द्रोण बहादुर पुन मगरको घरमा मिति २०८०।११।१५ गते भएको आगोलागी र सरुमारानी गाउँपालिका वडा नं.४ सिरुवारी/अम्मरे निवासी कमल पुनको श्रीमती ज्ञानीसरा पुनको २०८०।१२।२२ गते घरमा भएको आगोलागीका कारण घर पूर्ण क्षती भएकोले निजहरुको घरको

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वड्डाँडा प्युठान लुम्बिनी प्रदेश,नेपाल २०७३

देविराम पाठक प्रमुख प्रशासकीय अधिकृत

झगे बहादुर विश्वकर्मा गा.पा. अध्यक्ष

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बङ्गाडा प्युठान लुम्बिनी प्रदेश,नेपाल २०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भोज बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

छाना छाउनको लागि विपद/प्रकोप व्यवस्थापन कोषबाट लागत ईष्टमेट अनुसार आवश्यक जस्तापाता खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

➢ **विद्युतपोल संरक्षण र विद्युतपोल सार्ने सम्बन्धमा ।**

प्रहरी चौकी वङ्गाडाको घर नजिकै रहेको विधुतको पोल जोखिम अववस्थामा रहेकोले त्यो पोलको संरक्षणको लागि रु ५०,०००/- सरुमारानी गाउँपालिका वडा नं. ४ वङ्गाडा प्राईम वैंकको सामुन्ने रहेको विद्युतपोल सार्न लाग्ने खर्च विपद/प्रकोप व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो ।

➢ **योजना संशोधन सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं. १ को चालु आ.व.को कालिवन एक्लेखोरिया सडक नाली निर्माणको लागि विनियोजन भएको रकम रु. २,००,०००/- वाट सोही वाटोको कालिवनको चौपारी नजिकको स्थानमा ह्युमपाईप खरिद गरी वाटो संरक्षण सम्वन्धि काम गर्ने निर्णय गरियो ।

➢ **विपद प्रभावभित लाभग्राहीको दोश्रो किस्ता रकम सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकाको वडा नं. ६ का विपद् प्रभावित खड्क वहादुर पुन मगर र मोहन वहादुर पुन मगरको प्राविधिक जाचपास प्रतिवेदन अनुसार दोश्रो किस्ता वापत प्रति लाभग्राहीलाई रु. २,००,०००/- का दरले रकम निकासाको लागि सिफारिस गर्ने निर्णय गरियो ।साथै गाउँपालिकाले व्यहोर्नु पर्ने साझेदारी रकम उपलब्ध गराउने निर्णय गरियो ।

➢ **कार्यविधि स्वीकृत सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधी, २०८१ लाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८१/०३/०६

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बङ्गाडा प्युठान लुम्बिनी प्रदेश,नेपाल २०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भोज बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner